# देवघाट गाउंपालिका

# गाउं कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

(प्रथम पटक सूचना प्रकाशित मिति २०७६/८/१०)

गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

## आ.व. २०७६/०७७ को ढुंगा, गिटी, वालुवा उत्खनन गरि विक्रि गर्ने कार्यको

## ठेक्का सम्बन्धी वोलपत्र आह्वानको सूचना !

स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम देवघाट गाउंपालिका, तनहुँको क्षेत्राधिकारभित्र पर्ने देहाय बमोजिमका नदि तथा घाटहरुमा आ.व. २०७६/०७७ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७५/०७६ सम्मको कर चुक्ताको प्रतिलिपीहरु संलग्न गरी रितपूर्वकको शिलवन्दी वोलपत्र आव्हान गरिन्छ ।

| ठेक्का नं. | नदिको नाम | वडा नं. | घाटको नाम | वोलपत्र दस्तुर रु. | उत्खनन परिमाण (घ.मि) | न्युनतम अङ्क (मूल्य अभिबृद्धि कर वाहेक) रु. |
|---|---|---|---|---|---|---|
| ६-२०७६/०७७ | त्रिशुली | ५ | भुवनटार | ३,०००।- | ३०,००० | ३७,०४,४००।- |
| ७-२०७६/०७७ | कालिगण्डकी | ५ | कालीभतेरी | ३,०००।- | ३०,००० | ३७,०४,४००।- |
| ८-२०७६/०७७ | कालिगण्डकी | ५ | सांढेवगर | ३,०००।- | ३०,००० | ३७,०४,४००।- |
| | | | | जम्मा | ९०,००० | १,११,१३,२००।- |

**प्रदेश सरकारले तोकेको दररेट :**

१. यस गाउंपालिकाबाट उत्खनन् हुने ढुङ्गा, गिट्टी, बालूवाको उत्खनन तथा बिक्रिको लागि गण्डकी प्रदेश सरकारले तोकेको दर रेट ढुंगा तथा गिटिको लागि प्रति घ.मि. रु. १४१।१२ (प्रति घ.फु. रु. ४।-) र वालुवाको लागि प्रति घ.मि. रु. १०५।८४ (प्रति घ.फु. रु. ३।-) (मुल्य अभिबृद्धि कर वाहेक) बमोजिम हुनेछ ।

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

- वोलपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ । यस कार्यालयवाट खरिद भएका वोलपत्र ३१ औं दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्र दाता दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- उल्लेखित ठेक्काहरुको ठेक्का अवधी सम्झौता मिति लागू भै २०७७ जेष्ठ मसान्तसम्म हुनेछ ।
- यस कार्यालयवाट प्रमाणित भएको वोलपत्र फाराम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्न सकिनेछ ।

रमेश सुवेदी

- वोलपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकताको प्रमाण-पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७५/०७६ सम्मको कर चुक्ताको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि नेपाली नागरिकको हकमा ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र को लागि वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।
- वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।
- बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले ठेक्का संभौता गर्न आउदा सम्झौता रकमको स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको नाममा सिद्धार्थ बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ००८१५१६९८६३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ आषाढ मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । एक मुष्ठ रकम भुक्तानी गरिएकोमा बैक धरौटी पेश गर्नुपर्नेछैन ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र १.५ % अग्रिम आयकर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- सम्झौता गर्दा स्वीकृत ठेक्का अङ्कलाई (तीन) किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता ५०%, दोश्रो किस्ता २५%, र अन्तिम किस्ता २५% हुनेछ । पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त कुनै बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । किस्ता अनुसार १३ % मुल्य अभिबृद्धि कर र १.५ % अग्रिम आयकर समेत जोडि कार्यालयमा रकम वुझाउनु पर्नेछ ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा औचित्य हेरी बढिमा १०% सम्म छुट दिन सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम आ.व. २०७६/०७७ को करचुक्ता पेश गरेपछि फिर्ता दिईने छ ।
- वोलपत्र दाताले ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन गरि विक्रि गर्दा उक्त आ.व. को लागी देवघाट गाउंपालिका तथा गण्डकी प्रदेश सरकारले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन । उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोड्न सकिनेछ ।
- वोलपत्र दाताले मासिक रुपमा आफुले उत्खनन् गरेका परिमाणको विवरण अनिवार्य रुपमा देवघाट गाउंपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयमा कार्यालय समय भित्र फोन नं. ०५६५०००६८ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको website www.devghatmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ ।

..........................

प्रमुख प्रशासकीय अधिकृत